राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

वर्ष २, अंक २८६
१८ माघ, २०६५ शनिबार, 31st Jan. 2009, Saturday
www.nayapatrika.com, पृष्ठ १६, मूल्य रु. ५

नयाँ पत्रिकाको शनिबार अंक

## अर्थ-संक्षेप

### देउरालीको अठारौं वार्षिकोत्सव

**काठमाडौं**/ देउराली जनता फर्मास्युटिकल्सले सेवाकालको १८औं वार्षिकोत्सव बिहीबार मनाएको छ। सो कम्पनी नेपालमा अन्तर्राष्ट्रिय प्रविधि भित्र्याई औषधि उत्पादन गर्ने पहिलो आइएसओ १४००१, आइएसओ ९००१ तथा डब्लुएचओ-जिएमपी प्रमाणपत्र प्राप्त गरेको थियो। वार्षिकोत्सव उद्घाटन विज्ञान तथा प्रविधिमन्त्री गणेश शाहले गरेका थिए।

कम्पनीले बढीभन्दा बढी औषधि उत्पादन गरी सर्वसाधारण नेपालीलाई विदेश जानबाट केही मात्रामा भए पनि रोकेको देउरालीका कार्यकारी निर्देशक हरिभक्त शर्माले सो अवसरमा जानकारी दिएका थिए।